भारतीय राजदूतावास

काठमाडौं

**

**७३ औं भारतीय सांस्कृतिक सम्बन्ध परिषद (आइसीआरआर) स्थापना दिवस**

भारतीय राजदूतावास, काठमाडौंस्थित स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले मिति २०८० वैशाख ६ गते दूतावासमा एक कार्यक्रमको आयोजना गरी ७३ औं भारतीय सांस्कृतिक सम्बन्ध परिषद (ICCR/आइसीआरआर) स्थापना दिवस मनायो । आइसीआरआरका एलम्नाइबीचको मैत्री सम्बन्धलाई अझ प्रगाढ बनाउन हेतु आयोजित सो कार्यक्रम जारी 'India@75 आजादीका अमृत महोत्सव' को एक हिस्साको रुपमा रहेको छ ।

२. दूतावासका नियोग उप–प्रमुख श्री प्रसन्न श्रीवास्तवले उक्त कार्यक्रमको उद्घाटन गर्नुभयो। कार्यक्रममा बोल्दै नियोग उप–प्रमुख श्रीवास्तवले भारतमा अध्ययन गर्न छात्रवृत्ति तथा फेलोशिपमार्फत आइसिसिआरले भारत र नेपालका जनताबीच मित्रभावको निर्माण गर्नुका साथै दुई देशबीचको मित्रतालाई थप प्रगाढ बनाएको बताउनुभयो ।

३. कार्यक्रममा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका शिक्षक तथा कलाकारहरुले विभिन्न शास्त्रीय राग झल्किने सांगीतिक प्रस्तुति प्रस्तुत गरे । साथै चर्चित संगीतकर्मी एवम आइसीआरआर एलम्नाइद्वय डा. हरी प्रसाद पौड्याल (बाँसुरी) र यात्रीराज अधिकारी (भायोलिन) ले जुगलबन्दी प्रस्तुत गरे ।

४. भारत र नेपालबीच सदियौंदेखि रहीआएको सांस्कृतिक सम्बन्धलाई थप मजबूत बनाउनेतर्फ स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र काठमाडौं प्रयासरत रहनेछ ।

काठमाडौं, नेपाल

२०८० वैशाख ६ गते